रासस
RSS
राष्ट्रिय समाचार समिति
National News Agency
Central Office

च.नं. २४११०८११०८२

मिति : २०८१।१०।१५

श्री सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
प्रेस तथा सूचना समन्वय शाखा
**सिंहदरबार, काठमाडौं ।**

**विषय : स्वतः प्रकाशन व्यवस्था सम्बन्धमा ।**

उपर्युक्त सम्बन्धमा, उपर्युक्त सम्बन्धमा, मन्त्रालयको प.सं. ०८१/८२, च.नं. प्रेस/१५४२ मिति २०८१।१०।०३ को पत्र प्राप्त भई व्यहोरा अवगत भयो । सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ (३) र सोको नियमावलीको नियम (३) बमोजिम सार्वजनिक निकायहरूले सम्पादन गरेका कार्यहरूको प्रगति विवरण प्रत्येक तीन/तीन महिनामा अद्यावधिक गरी स्वतः प्रकाशन गर्नुपर्ने व्यवस्था भएअनुसार यस समितिमा मिति २०८१ कात्तिक, मङ्सिर र पुस महिनामा देहायबमोजिमको कार्यसम्पादन भएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

(सिद्धराज राई)
महाप्रबन्धक

Tele: 977-1-4262736, 4262724, 4262628, 4262550, 4262539 P.O. Box : 220, Singhadurbar Plaza, Kathmandu, Nepal
Web: rssnepal.org.np, E-mail: rssmail2018@gmail.com, rssrssadm@gmail.com

### आ.व. २०८१/०८२ को कात्तिक, मङ्सिर र पुस महिनामा भएका प्रमुख कामको विवरण

१. समाचार, फोटो तथा अडियो सामग्री सम्प्रेषणको विवरण

| समाचार/महिना | कात्तिक | मंसिर | पुष | जम्मा |
|---|---|---|---|---|
| नेपाली समाचार | २३७९ | २५३० | २३४५ | ७,२५४ |
| नेपाली खोजमूलक समाचार | ९२ | ८८ | ८३ | २६३ |
| नेपाल भाषा | ३१० | ४३२ | ४२० | ११६२ |
| मैथिली भाषा | २९४ | ३७० | ३६९ | १०३३ |
| अवधि भाषा | २६२ | २४३ | २९८ | ८०३ |
| अङ्ग्रेजी समाचार | ८०६ | ८३१ | ७९६ | २४३३ |
| अन्तर्राष्ट्रिय समाचार अनुवाद | ४७१ | ४२८ | ४६२ | १३६१ |
| अन्तरराष्ट्रिय समाचार अङ्ग्रेजी | १४६६ | १५८४ | १६२४ | ४६७४ |
| राष्ट्रिय तस्बिर | २३०१ | २१४९ | २२९३ | ६७४३ |
| अन्तर्राष्ट्रिय तस्बिर | ७०३५ | ६६७६ | ६३४५ | २०,०५६ |
| अडियो | ९५ | १०१ | १०२ | २९८ |
| भिजुअल क्लिप | ५४८ | ७७५ | ८५५ | २१७८ |
| जम्मा | १६,०५९ | १६,२०७ | १५,९९२ | ९६,१२४ |

२. २०८१ कात्तिक १ गतेदेखि पुस मसान्तसम्म सम्पादन भएका महत्वपूर्ण कार्यहरू

- सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले राससले कात्तिक ४ गतेदेखि औपचारिकरूपमा सुरु गरेको मैथिली र नेपाल भाषा समाचारको शुभारम्भ गर्नुभएको ।
- सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेलज्यू नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गरी World Leaders Climate Action Summit मा सहभागी हुन गएको प्रतिनिधिमण्डलमा नेपाल सरकारको निर्णयानुसार राससका कार्यकारी अध्यक्ष श्री धर्मेन्द्र झाज्यू उक्त प्रतिनिधिमण्डलको सदस्यका रूपमा कात्तिक २५ देखि ३० गतेसम्म सहभागी हुनुभएको ।
- कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले राससले कोशी प्रदेशका स्थानीय समाचारदाताहरूका लागि आयोजना गरेको तीनदिने क्षमता विकास कार्यक्रमको पुष २ गते विराटनगरमा उद्घाटन गर्नुभएको ।
- मिडिया काउन्सिल, मधेस प्रदेशको सहयोग र रासस मधेश प्रदेश कार्यालयको संयोजनमा जनकपुरमा पुस २६ र २७ गते राससका लागि मधेस प्रदेशमा कार्यरत स्थानीय संवाददाता र कर्मचारीका लागि 'बदलिँदो परिवेशमा पत्रकारिताको दायित्व र राससको भूमिका' विषयमा अन्तरक्रिया र तालिम सञ्चालन भएको । कार्यक्रमको प्रमुख अतिथिमा मधेस प्रदेशका कानून, आन्तरिक मामिला तथा सञ्चार मन्त्री राजकुमार लेखी रहनुभएको ।
- सुदूरपश्चिम सरकारबाट धनगढीस्थित राससको सुदूरपश्चिम कार्यालय भवनको पुनःनिर्माणका लागि यस वर्ष ७० लाख विनियोजन भई बाँकी रकम बहुवर्षीय बजेटका आधारमा विनियोजन हुने जानकारी प्राप्त भएको र उक्त भवन सुदूरपश्चिम सरकारले नै निर्माण गरिदिने नीतिअनुसार जग्गाको अध्ययन गरी डिपिआर निर्माणको कार्य प्रारम्भ भएको जानकारी प्राप्त भएको ।

❑❑❑